# बुढीगण्डकीजलविद्युत कम्पनी लिमिटेड

# BUDHIGANDAKI JALBIDHYUT COMPANY LIMITED

केन्द्रिय कार्यालय

नयाँबानेश्वर, काठमाडौं

info@bgjcl.com


प.सं: ०८१/८२

च.नं:

मितिः- २०८१।०६।२१

**बिषयः- लिखित परीक्षाको मिति र परीक्षा केन्द्र तोकिएको सूचना ।**

यस कम्पनीबाट मिति २०८१।०५।२६ मा प्रकाशित पदपूर्ति सम्बन्धी सूचना अनुसार वि.नं.१/२०८१-०८२, सिभिल ईन्जिनियर, वि.नं.२/२०८१-०८२, वातावरण अधिकृत, वि.नं.३/२०८१-०८२, नापी अधिकृत पदको लिखित परीक्षा कार्यक्रम निम्नानुसार संचालन हुने तथा वि.नं. ४/२०८१-०८२, सब-इञ्जिनियर र वि.नं. ५/२०८१-०८२, सामाजिक परिचालक पदको परीक्षा कार्यक्रम पछि प्रकाशित गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको अन्तिम नामावली कम्पनीको वेवसाईटमा प्रकाशित गरिएको छ । दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रवेश-पत्र कम्पनीको केन्द्रिय कार्यालय नयाँबानेश्वर, काठमाण्डौबाट मिति २०८१।०७।०७ गते देखि २०८१।०७।०९ गते सम्म कार्यालय समयमा बितरण गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिलः परीक्षा कार्यक्रम**

**परीक्षा केन्द्रः-** श्री रत्नराज्य माद्यमिक विद्यालय, मध्यवानेश्वर, काठमाण्डौ ।

**परीक्षा मितिः-** २०८१ साल कार्तिक १० गते शनिवार ।

**बिषयः-** सामान्य ज्ञान (General Awareness) र जनरल टेक्निकल बिषय (General Technical Subject)।

| क्र. सं. | विज्ञापन नं. | पद, तह | परीक्षा प्रणाली | समय संचालन हुने समय | परीक्षाको अबधि |
|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | सिभिल ईन्जिनियर | बहुवैकल्पि प्रश्न (MCQ) | बिहान ११.०० बजे | १.०० घण्टा |
| २ | २/२०८१-०८२ | वातावरण अधिकृत | बहुवैकल्पि प्रश्न (MCQ) | दिउसो ०२.३० बजे | १.०० घण्टा |
| ३ | ३/२०८१-०८२ | नापी अधिकृत | बहुवैकल्पि प्रश्न (MCQ) | दिउसो ०२.३० बजे | १.०० घण्टा |

उम्मेदवारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्तहरुः

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्यशित बिदा पर्न गएमा कम्पनीको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

२. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।

३. बस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिईनेछ ।

४. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्टवाच तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।

५. प्रवेश पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुदा प्रवेशपत्र अनिबार्यरुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १.०० घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

६. परीक्षामा प्रवेश-पत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा साथमा लिई आउनुपर्ने छ।

७. थप जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।